वेबसाइट: www.uttargayamun.gov.np
इमेल: uttargayarm@gmail.com

# उत्तरगया गाउँपालिका
(Uttargaya Rural Municipality)
# गाउँ कार्यपालिकाको कार्यालय
(Office of Rural Municipal Executive)

लहरेपौवा, रसुवा (Laharepauwa, Rasuwa)
बागमती प्रदेश , नेपाल (Bagmati Province , Nepal)

प.स(Ref. No.) २०८१/०८२
च.न.(Dispatch No.)

मितिः२०८१/०९/०३

## कोठा भाडामा लिने सम्बन्धी सूचना ।

यस उत्तरगया गाउँ कार्यपालिकाको मिति २०८१/०८/१७ को निर्णयानुसार वडा नम्बर ५ माझगाउँ स्थित वडा कार्यालय मार्फत सेवा प्रवाह भइरहेकोमा उक्त पुरानो भवन भत्काई नयाँ भवन निर्माण कार्य शुरु गर्नुपर्ने भएको हुँदा सो वडा कार्यालय मार्फत प्रशासनिक कार्य संचालन प्रयोजनका लागि हाल अवस्थित वडा कार्यालयको ५०० मिटर आसपासको क्षेत्र भित्र रहेका घरका ३ वटा कोठाहरु कोटेशन माध्यमबाट लिनुपर्ने भएकाले दररेटका साथै निम्नानुसारका कागजातहरु सहित गोप्यरुपमा खामबन्दी गरी देहायका शर्तहरु लागु हुने गरी ७ (सात) दिन भित्र कार्यालयको जिन्सी शाखामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजातहरु:**

१. घरधनीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ थान
२. जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि १ थान
३. आ.व.२०८१/०८२ मालपोत कर तिरेको रसिदको प्रमाणित प्रतिलिपि १ थान
४. घर नक्सा पास प्रमाण पत्रको प्रमाणित प्रतिलिपि १ थान

**शर्तहरु**

१. कोठाहरु सुरक्षित र वडा संचालनका लागि उपयुक्त हुनुपर्नेछ ।
२. कम्तिमा कोठाहरु १००० वर्गफिट क्षेत्रफल भएको हुनुपर्नेछ ।
३. घर नक्सा पास प्रमाणपत्र भएको र प्राविधिक रुपले उपयुक्त भएको, सवारी पार्किङ्ग स्थल भएको कोठाहरुलाई उच्च प्राथमिकता दिईने छ ।
४. कोठा भाडामा लिने वा नलिने अन्तिम निर्णयको अधिकार कार्यालयमा सुरक्षित रहने छ तर आर्थिक र सुविधाको हिसावले सबैभन्दा कम दररेटमा कबोलवालाको भाडा प्रस्ताव स्वीकारिने छ ।
५. कबोल/स्वीकृत रकममा १० प्रतिशत भाडाकर कट्टा गरी भुक्तानी गरिनेछ ।
६. अन्य कुराहरु आपसी सहमति एवम् प्रचलित कानुनी व्यवस्था बमोजिम हुनेछ ।

०३/०३

दिपक प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत